म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
छाङ्, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepa

प.सं. (Ref.No.):- २०८२/०८३
च.नं. (Dis.No.):-
मिति (Date):- २०८२/११/२८

## उत्पादनमुलक/रोजगारमुलक लागत साझेदारी कार्यक्रममा सहभागिताको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**दोस्रो पटक प्रकाशित सुचना मिति: २०८२/११/२८**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम उत्पादनमुलक/रोजगारमूलक लागत साझेदारी कार्यकम र उत्पादनमा आधारित प्रोत्साहन अनुदानतर्फ विनियोजित रकमवाट उत्पादनमुलक/रोजगारमुलक व्यवसायिक योजनामा आधारित लागत साझेदारी कार्यकम अर्न्तगतका तपसिल बमोजिमका कार्यकमहरु संचालन गरिने भएकोले **म्याग्दे गाउँपालिकाको साझेदारीमा उत्पादनमूलक कार्यक्रम कार्यविधि २०८२** को अनुसुची २ अनुसारको निवेदन र संक्षिप्त कार्ययोजना सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको आर्थिक विकास शाखामा प्रस्ताव पेश गर्नुहुन मिति २०८२/११/२८ को कार्यपालिका निर्णयअनुसार सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिन्छ ।

**तपशिल:**

| सि.न. | उत्पादनमुलक/रोजगारमुलक व्यवसायिक योजनामा आधारित लागत साझेदारी अनुदान कार्यकम विवरण | छनौट गरिने लक्षित समुह सख्या | ५०% अनुदान अधिकतम रकम रु. | जम्मा स्वीकृत रकम रु. | व्यवसायको प्रकृति तथा वर्गिकरण |
|---|---|---|---|---|---|
| ०१ | **समुह (क) ठुला ब्यवसायतर्फ**/कृषि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/आयआर्जन र रोजगारमुलक कार्यकममा ५० प्रतिशत लागत साझेदारी | ३ | जनही तिन लाख | ९ लाख | कुल पुँजी ५० लाख वा सो भन्दा वढी लगानी भएको र आफु सहित कम्तीमा ३ जना लाई रोजगारी दिएको |
| ०२ | **समुह (ख) मझौला ब्यवसायतर्फ**/कृषि पशु, पर्यटन, उद्यम लगायतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी | ३ | जनही दुई लाख | ६ लाख | कुल पुजी २० लाख वा सो भन्दा वढी लगानी भएको र |

| | | | | | |
|---|---|---|---|---|---|
| | पशुधन खरिद/ प्रविधि खरिद/ र आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रतिशत लागत साझेदारी | | | | आफु सहित कम्तीमा २ जना लाई रोजगारी दिएको तथा दिने |
| ०३ | **समुह (ग) साना ब्यवसायतर्फ**/कृषि, पशु, पर्यटन, उद्यम लगाएतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/ आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद/ आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रतिशत लागत साझेदारी | ५ | जनही एक लाख | ५ लाख | कुल पुजी १० लाख वा सो भन्दा वढी लगानी भएको र कम्तीमा आफु सहित १ जना लाई रोजगारी दिएको तथा दिने |
| ०४ | **समुह (घ) स्वरोजगारतर्फ**/कृषि, पशु, पर्यटन, उद्यम लगायतका क्षेत्रहरुमा क्षेत्रगत पुर्वाधार निर्माण/आय आर्जनको लागी पशुधन खरिद/ प्रविधि खरिद र आय आर्जन र रोजगार मुलक कार्यकममा ५० प्रतिशत लागत साझेदारी | ४२ | जनही पचास हजार | २१ लाख | कुल पुजी २ लाख भन्दा वढी लगानी भएको र आफु स्वरोजगार भएको तथा हुने |
| | **जम्मा** | ५३ | | ४१ लाख | |

## संलग्न गर्नुपर्ने कागजातहरु

१. संक्षिप्त व्यवसायिक कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा व्यवसाय सम्वन्धीत निकाय तथा गा.पा.मा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
छाङ्ग, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepa

प.सं. (Ref.No.):- २०८२/०८३
च.नं. (Dis.No.):-

मिति (Date):- २०८२/११/२८

६. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवर्द्धता ।

७. सम्वन्धीत वडाको सिफारिस

८. आ.व.२०८०/८१ र २०८१/८२ मा यस कार्यक्रममार्फत कुनै पनि अनुदान नलिएको स्वघोषणा

**नोटः** क र ख तथा ठुला तथा मझौला व्यवसायी छनौट हुन नसकेमा वा आवेदन नपरेमा ग र घ अर्न्तगत कार्यक्रममा थप गरी कार्यान्वियन गरिनेछ । रित नपुगी र म्याद नाघी आएका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन। समुह घ अर्न्तगत फर्म नभएका व्याक्ति (किसान, उद्यमी) लाई पनि समावेश गरिनेछ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत